अनुसूची - १

# प्रदेशमा चलचित्र छायाङ्कन स्थलको विकास प्रवर्द्धन गर्न चलचित्र विकास बोर्ड र घोडाघोडी नगरपालिका बीचको सम्झौता पत्र :

नेपाल सरकार, संचार तथा सूचना प्रविधि मन्त्रालय, चलचित्र विकास बोर्डको स्वीकृत बार्षिक कार्यक्रम अनुसार श्री चलचित्र विकास बोर्ड, चाबहिल काठमाण्डौं (यस पछि प्रथम पक्ष भनिएको) र श्री घोडाघोडी नगरपालिकाको कार्यालय (यसपछि दोस्रो पक्ष भनिएको) बीच स्थानीय तहको समन्वयमा चलचित्र विकास बोर्डले पहिचान गरेको चिडिया ताल वडा नं. १ र २ स्थित क्षेत्रमा स्थानीय कला, सांस्कृति, भेषभूषा, भाषा, साहित्य, रहन, सहन, भूगोल लगायत मौलिक परम्पराको चलचित्र, लघु चलचित्र, बृत्तचित्र आदिको माध्यमबाट संरक्षण तथा प्रचार प्रसार गरी चलचित्र छायाङ्कनस्थलको दीर्घकलीन विकास, प्रवर्द्धन, संरक्षण, मर्मत सम्भार लगायतको कार्यक्रम संचालन गर्न नेपाल सरकार संचार तथा सूचना प्रविधि मन्त्रालयको (माननीय मन्त्री स्तरीय) मिति २०७८।११।१६ गते स्वीकृत छायाङ्कनस्थल निर्माण सम्बन्धी मापदण्ड, २०७८ को अनुसार देहायका शर्तहरु पालना गर्ने गरी यो सम्झौतामा हस्ताक्षर गरी एक-एक प्रति बुझि लियौं/दियौं ।

**चलचित्र विकास बोर्डद्धारा सम्पन्न गरिने कार्यहरु :**

क) चलचित्र छायाङ्कनस्थल निर्माणको लागि पहिचान भएको क्षेत्रको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) गुरुयोजना तथा अन्य भौतिक पूर्वाधार संग जोडिएका कार्यहरुमा आवश्यक विज्ञ तथा प्राविधिक सहयोग गर्नेछ ।

ख) चलचित्र छायाङ्कनस्थल निर्माणको लागि विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गर्न लागतको बढीम २० प्रतिशत आर्थिक लगानी गर्नेछ ।

ग) चलचित्र छायाङ्कनस्थल निर्माणका लागि पहिचान भएको क्षेत्रको राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रचार प्रसारको काम स्थानीय तहको समन्वयमा चलचित्र विकास बोर्डले गर्ने ।

घ) चलचित्र छायाङ्कनस्थल निर्माणका लागि पहिचान भएको क्षेत्र तथा समग्र प्रदेशको कला, सास्कृति, भौगोलिक बनावट, सामाजिक रहन सहन, भाषा, साहित्य तथा मौलिक कथाहरुको उत्खनन गर्ने र स्थानीय कलाकारहरुलाई मौलिक चलचित्र निर्माणमा आकर्षण बढाउने उद्देश्यले महोत्सव, कार्यशाला, गोष्ठी लगायतका प्रवर्द्धनात्मक कार्यहरु स्थानीय तहको समन्वय र सहकार्यमा चलचित्र विकास बोर्डले गर्नेछ ।

ङ) चलचित्र छायाङ्कनस्थल निर्माणका लागि प्राविधिक सहयोग उपलब्ध गराउने छ ।

**घोडाघोडी नगरपालिकाद्धारा गरिने कार्यहरु :**

क) चलचित्र छायाङ्कनस्थलमा विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तथा गुरुयोजनामा उल्लेख भएका भौतिक संरचनाहरु (मध्यमस्तरीय इन्डोर स्टुडियो, प्रदेश स्तरीय म्युजियम, पोष्ट प्रोडक्सन हाउस, कार्यालय भवन, गेस्टहाउस, सुरक्षा पोष्ट आदि) क्रमशः स्थानीय सरकारद्धारा निर्माण गरिनेछ ।

ख) चलचित्र छायाङ्कनस्थल निर्माणका लागि पहिचान भएको क्षेत्रमा आवश्यक जग्गा जमिनको व्यवस्था घोडाघोडी नगरपालिकाद्धारा गरिनेछ ।

ग) चलचित्र छायाङ्कनस्थल निर्माणका लागि आवश्यक परेमा वातावरणीय अध्ययन प्रतिवेदन लगायत अन्य कार्यहरु स्थानीय तह वा प्रदेश सरकारले गर्नेछ ।

घ) चलचित्र छायाङ्कनस्थल तथा त्यहाँ आउने चलचित्रकर्मी पर्यटक, छायाङ्कनस्थलमा प्रयोग हुने उपकरणहरु लगायत अन्य भौतिक सम्पत्तिको सुरक्षाको प्रबन्ध स्थानीय तह वा प्रदेश सरकारद्धारा गरिनेछ ।

ङ) चलचित्र छायाङ्कनस्थलको संचालन तथा व्यवस्थापन स्थानीय तह वा प्रदेश सरकारले गर्ने भए तापनि यसको लागि नेपाल सरकार संचार तथा सूचना प्रविधि मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह र चलचित्र विकास बोर्डको समन्वयमा कार्यविधि निर्माण गरिनेछ र सो कार्यविधि चलचित्र विकास बोर्ड मार्फत संचार तथा सूचना प्रविधि मन्त्रालयबाट स्वीकृत गरी लागू गरिनेछ । संचालन पश्चात प्राप्त हुने आय आर्जन तथा मर्मत सम्भारका कामहरुलाई पनि सोही कार्यविधिमा व्यवस्था भए बमोजिम गरिनेछ ।

च) सम्झौताका पक्षहरुको आपसी समझदारीबाट मापदण्डको अधिनमा रहि शर्तहरुमा हेरफेर गर्न सकिनेछ ।

छ) सम्झौता बमोजिम शर्तहरु पालना गर्न दुवै पक्षहरुको कर्तव्य हुनेछ । सोको पालना नभएमा प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

**प्रथम पक्षको तर्फबाट :**

सहि :

नाम : दयाराम दाहाल

पद : अध्यक्ष चलचित्र विकास बोर्ड

छाप : नेपाल सरकार चलचित्र विकास बोर्ड २०५७

मिति : २०६८-१२-०८

**दोस्रो पक्षको तर्फबाट :**

सहि :

नाम : ममता प्रसाद चौधरी

पद : नगर प्रमुख

छाप : गोदावरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुखड, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

मिति : २०६८-१२-०८

**रोहवर :**

सहि :

नाम : दिपक कुमार आचार्य

पद : प्रमुख प्रशासकिय अधिकृत [गोदावरी न.पा.]

छाप :

मिति : २०६८-१२-०८

रोहवर

सहि :

नाम : प्रकाश भट्टराई

पद : सदस्य, चलचित्र विकास बोर्ड

छाप :

मिति : २०६८-१२-०८